स्थानीय सरकारको शासन व्यवस्था सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २०) बमोजिम मिति २०७६ अषाढ ९ गते बसेको कार्यपालिकाको बैठकबाट स्विकृत भएका तपशिल बमोजिमका विधेयक तथा आ.व. २०७६/७७ को वार्षिक नीति, कार्यक्रम तथा बजेट नगर सभा कार्य सञ्चालन कार्यविधि २०७४ को नियम १६ बमोजिम निर्णयार्थ नगर सभामा प्रस्ताव पेश गरियो ।

**<u>प्रस्तावहरुः</u>**

१. गोदावरी नगरपालिकाको आ.व. २०७६/७७ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।
२. गोदावरी नगरपालिकाको विनियोजन विधेयक २०७६ सम्बन्धमा ।
३. आ.व. २०७५/०७६ को प्रगति सिंहालोकन सम्बन्धमा ।
४. गोदावरी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ सम्बन्धमा ।

**<u>निर्णयहरू :</u>**

**<u>निर्णय नं.१ :</u>** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम २०७६ अषाढ १० गते नगर उप प्रमुख श्री रत्ना कडायतज्यूले प्रस्तुत गरेको गोदावरी नगरपालिकाको आगामी आ.व. २०७६/७७ को वार्षिक नीति कार्यक्रम तथा बजेट मिति २०७६ अषाढ १३ गतेको नगरसभाबाट पारित गर्ने निर्णय गरीयो ।

**<u>निर्णय नं.२ :</u>** नेपालको संविधानको धारा २२८ र २२९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ र १०२ (१०) ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगरपालिकाको विनियोजन ऐन, २०७६ मिति २०७६ अषाढ १३ गतेको नगर सभाबाट पारित गर्ने निर्णय गरीयो ।

**<u>निर्णय नं.३ :</u>** गोदावरी नगरपालिकाको आ.व. २०७५/०७६ को जेष्ठ समान्त सम्मको सम्पूर्ण कार्य तथा प्रगतिको समिक्षा गरीयो ।

**<u>निर्णय नं.४ :</u>** गोदावरी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ माथि बन्दसत्रमा छलफलका लागि पेश भएकोमा उक्त प्रस्ताव उपर दफाबार छलफल गर्दागर्दै समय अपुग भएकोले मिति २०७६ अषाढ १४ गते विहान ७:३० बजे बस्ने सभामा पुनः पेश गर्ने गरी आजको बन्दसत्र स्थगित गर्ने निर्णय गरीयो ।